http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ५, अङ्क २, २०७४ भदौ, Year 5, Issue 2, September 2017

## राजस्व संकलन २२ प्रतिशतले वृद्धि

आर्थिक वर्ष २०७४/०७५ भाद्र महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. ३६ अर्व ६७ करोड ९१ लाख ३९ हजार रहेकोमा रु. ३५ अर्व २७ करोड ३ लाख ४९ हजार संकलन भई लक्ष्यको तुलनामा ९६ प्रतिशतको प्रगति भएको छ भने गत वर्षको असुलीको तुलनामा

२०७४/७५ भाद्रको र भाद्रसम्मको प्रगति (रु हजारमा)

| शीर्षक | वार्षिक लक्ष्य | भाद्र महिना सम्मको लक्ष्य | भाद्र महिना सम्मको प्रगति | प्रगति प्रतिशतमा | वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|
| आयकर | १४९७१६९९५ | ११९७७३६० | १०३६२२१२ | ८७ | ६ |
| वहालकर | ४९११९८७४ | ६३९५८३ | ७४७१२० | ११७ | २३ |
| व्याजकर | १२५६०६९७ | २८८८९६० | ३१२२३७६ | १०८ | ७३ |
| आयकर जम्मा | १६७१९७५६६ | १५५०५९०३ | १४२३१७११ | ९२ | १७ |
| मू.अ.कर | ७३८५३९६५ | १३२९३७१४ | १२८९९६८३ | ९७ | २३ |
| अन्त:शुल्क | ५६६००२७६ | ७३५८०३६ | ७७३२०१६ | १०५ | ३० |
| शिक्षा सेवा शुल्क | ९९१५३५ | १७८४७७ | १५६५८४ | ८८ | १३ |
| स्वास्थ्य सेवा शुल्क | १२७०४०३ | ३४३००९ | २५०३६१ | ७३ | २२ |
| जम्मा | २९९९१३७४५ | ३६६७९१३९ | ३५२७०३४९ | ९६ | २२ |

२२ प्रतिशतले वृद्धि भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. १४ अर्व २३ करोड १७ लाख ११ हजार, मूल्य अभिवृद्धि कर रु. १२ अर्व ८९ करोड ९६ लाख ८३ हजार र अन्त:शुल्क तर्फ रु. ७ अर्व ७३ करोड २० लाख १६ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९२ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९७ प्रतिशत र अन्तशुल्क तर्फ १०५ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. १५ करोड ६५ लाख ८४ हजार र रु. २५ करोड ३ लाख ६१ हजार

बाँकी १२ पेजमा....

## नीतिगत सुधारले अर्थतन्त्रमा सकारात्मक प्रभाव : अर्थमन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्की

## अर्थमन्त्री कार्कीद्वारा व्यवस्थापन गोष्ठीको समुद्घाटन




आन्तरिक राजस्व विभागद्वारा आयोजित व्यवस्थापन गोष्ठीमा माननीय अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, माननीय अर्थराज्यमन्त्री उदयशमसेर राणा, अर्थसचिव श्री शान्तराज सुवेदी, राजस्व सचिव श्री शिशिर कुमार ढुंगाना, महालेखा नियन्त्रक श्री राजेन्द्र प्रसाद नेपाल र विभागका महानिर्देशक श्री किशोर जङ्ग कार्की

काठमाडौं। माननीय अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आन्तरिक राजस्व विभागको भदौ २० र २१ गते संचालन भएको व्यवस्थापन गोष्ठीको पानसमा बत्ती बाली भदौ २० गते मंगलवार उद्घाटन गर्नु भयो।

कार्यक्रममा माननीय अर्थमन्त्री कार्कीले आगामी दिनमा विभागको दिशा निर्देश गर्नको लागि, समस्याहरु पहिचान गर्दै प्रभावकारी रुपमा विभागलाई समृद्धिको बाटोमा लान व्यवस्थापन गोष्ठी अग्रसर हुने अपेक्षा गर्नु भएको थियो।



पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नुहुँदै अर्थमन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्की

करदाताको दायरालाई वृद्धि गर्न निर्देशन दिनुहुँदै मुलुकको दूर दराजमा बसेका मानिसले पनि विकास निर्माणको अनुभूती गरेको हेर्न चाहन्छौं भन्नुहुँदै त्यसको लागि राजस्व संकलनमा विभागको भूमिका महत्वपूर्णबाँकी ६ पेजमा....

### यसभित्र

२१ बुंदे घोषणापत्र जारी गर्दै व्यवस्थापन गोष्ठी सम्पन्न — पृष्ठ ३

काठमाडौं घोषणापत्र २०७४ — पृष्ठ ६

विद्युतीय हस्ताक्षर सम्बन्धी अन्तर्क्रिया सम्पन्न — पृष्ठ १५



# महानिर्देशकको सन्देश

करदातामैत्री कर प्रशासन आजको आवश्यकता हो । करदाताले चाहेअनुसारको सेवा प्रदान गर्ने उनीहरूको गुनासा र सुझावहरू सुन्ने र कर सहभागितामा सकारात्मक योगदान पुर्‍याउन निरन्तर सुधारको आवश्यकता पर्दछ । कर कानुनको कार्यान्वयनमा पारदर्शिता कायम गर्दै कर प्रशासन जवाफदेही बन्न सकेमा सुशासन कायम गर्न सहज हुन जान्छ । त्यसैका माध्यमबाट समग्र राजस्व प्रशासनको प्रभावकारितामा वृद्धि हुन सक्दछ ।

गत आर्थिक वर्षमा विभागले गरेको कार्य सम्पादनको समीक्षा तथा आगामी आर्थिक वर्षका लागि रणनीति तय गर्ने उद्देश्यका साथ भदौ २१ र २२ गते व्यववस्थापन गोष्ठी सम्पन्न गरिएको छ । गोष्ठीमा उठेका विषयहरू, कार्यसम्पादनका क्रममा देखिएका विभिन्न समस्याहरू, समस्या समाधानका लागि पहिल्याइएका उपायहरू र विभागको निरन्तर सुधारको प्रयासलाई क्रमशः व्यवहारमा उतार्दै लैजानु परेको छ । यस दिशामा अझै बढी सक्रियता र उच्च मनोबल राखी क्षमता प्रदर्शन गर्न सम्पूर्ण कर परिवार अन्तर्गतका सबै सदस्यहरूलाई मेरो आग्रह छ । नेपाल सरकारको राजस्व नीति तथा कार्यक्रम, विभागको रणनीतिक योजना, कर कानुनको कार्यान्वयनमा देखिएका चुनौति तथा अवसरहरू समेतलाई विश्लेषण गरी २१ बुँदे काठमाडौं घोषणापत्र जारी गरिएको छ । त्यस्तै, वित्तीय स्थायित्व एवम् आर्थिक वृद्धिको लागि सुदृढ वित्त संरचना निर्माण गर्ने, कर प्रणालीको सुदृढीकरण गर्दै दीगो रूपमा आन्तरिक वित्तीय स्रोत परिचालन गर्ने, विद्युतीय सूचना प्रणाली एवं छरितो कार्यविधि अवलम्बन गरी कर सहभागिता लागत एवम् संकलन लागत न्यून गर्ने जस्ता राजस्व नीति तथा कार्यक्रमको उद्देश्य प्राप्त गर्न पनि यस घोषणापत्रको कार्यान्वयनले सहयोग पुर्‍याउँछ ।

हामीले गनुपर्ने प्रमुख कार्यहरूमध्ये विभागको लागि तोकिएको राजस्व संकलनको लक्ष्य प्राप्ति गर्नु प्रमुख कार्य रहेको छ । करदाताहरूमा कर कानुन र प्रक्रियाहरूका बारेमा करदाता शिक्षालाई प्रभावकारी रूपमा लैजान सकेमा स्वतः स्वेच्छिक कर सहभागिता बढ्न जान्छ । यसको प्रभाव कर संकलन लगायत सम्पूर्ण कार्यगत लक्ष्य प्राप्तिमा स्वतः पर्न गई कर कानुनको कार्यान्वयन प्रभावकारी बनाउन सहज हुन जान्छ । त्यस्तै कर प्रशासनको आन्तरिक संचालन पक्षलाई चुस्त र दुरुस्त बनाई कार्य गर्नुपर्ने अवस्था रहेको छ । यसका लागि करका प्रक्रियाहरूलाई क्रमशः सूचना प्रविधिमा आधारित बनाउँदै लैजानु पर्दछ ।

करदातामैत्री कर प्रशासन आजको आवश्यकता हो । करदाताले चाहेअनुसारको सेवा प्रदान गर्ने उनीहरूको गुनासा र सुझावहरू सुन्ने र कर सहभागितामा सकारात्मक योगदान पुर्‍याउन निरन्तर सुधारको आवश्यकता पर्दछ । कर कानुनको कार्यान्वयनमा पारदर्शिता कायम गर्दै कर प्रशासन जवाफदेही बन्न सकेमा सुशासन कायम गर्न सहज हुन जान्छ । त्यसैका माध्यमबाट समग्र राजस्व प्रशासनको प्रभावकारितामा वृद्धि हुन सक्दछ ।

व्यवस्थापन गोष्ठीबाट पारित २१ बुँदे काठमाण्डौ घोषणापत्रमा उल्लेख भएका विषयहरू तथा विभागको चालु आर्थिक वर्षको समग्र कार्यगत लक्ष्य प्राप्तिका लागि विभागको वृहत् लक्ष्यसँग तादाम्यता हुने गरी स्पष्ट र ठोस कार्ययोजना तयार गरी सशक्त ढंगले कार्यान्वयनमा अगाडि बढ्न सम्पूर्ण कर परिवारका सदस्यलाई निर्देश गर्दछु ।

नेपालीहरूको महान् चाड विजयादशमीको उपलक्ष्यमा करदाता तथा कर परिवारका सम्पूर्ण सदस्यहरूप्रति दुर्गा भवानीले सुख, शान्ति र सुस्वास्थ्य प्रदान गरून् भन्ने कामना गर्दछु ।

२०७४ भदौ

**किशोर जङ्ग कार्की**
महानिर्देशक




# २१ बुँदे घोषणा पत्र जारी गर्दै व्यवस्थापन गोष्ठी सम्पन्न

काठमाडौं । आन्तरिक राजस्व विभागले २०७४ भदौ २० र २१ गते संचालन गरेको व्यवस्थापन गोष्ठी २१ बुंदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । काठमाडौंमा आयोजित कार्यक्रममा आर्थिक वर्ष २०७३/७४ मा समग्र कार्य सम्पादनमा उत्कृष्ट भएका कार्यालयहरुलाई माननीय अर्थराज्यमन्त्री उदयशमसेर राणाले



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय अर्थराज्यमन्त्री श्री उदयशमसेर राणा

प्रशंसापत्र प्रदान गर्नु भएको थियो । आन्तरिक राजस्व कार्यालय महेन्द्रनगर प्रथम, आन्तरिक राजस्व कार्यालय भरतपुर द्वितीय, आन्तरिक राजस्व कार्यालय, दाङ तृतीय तथा आन्तरिक राजस्व कार्यालय ललितपुर चौथो स्थान प्राप्त गर्न सफल भएका छन् ।

कार्यक्रममा माननीय अर्थराज्यमन्त्री उदयशमसेर राणाले २१ बुंदे घोषणा पत्रमा महत्वपूर्ण विषय समेटिएको बताउनुहुँदै नेपालमा धेरै राम्रा नियम कानुनहरु भएको, धेरै राम्रा कार्यक्रम घोषणा हुने गरेको भए




व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्नुहुँदै महालेखा परीक्षक श्री टंकमणि शर्मा

पनि कतिपय अवस्थामा व्यवहारमा उतार्न नसकिएको प्रसंग उल्लेख गर्दै दुई दिने व्यवस्थापन गोष्ठीको निष्कर्षको रुपमा जारी भएको उक्त घोषणापत्र व्यवहारमा उतार्न निर्देशन दिनुभयो । राजस्व वृद्धिका लागि नयाँ प्रविधिको अवलम्बन गर्नु पर्ने बताउनुहुँदै केन्द्रीय कम्प्यूटर विलिङ अनुगमन प्रणाली (Centralized Computer Billing Monitoring System) मंसिर १ गतेदेखि कार्यान्वयनमा ल्याउने गरी तयारी गर्न निर्देशन दिनुभयो । समस्याहरु आउने र त्यसलाई सुधार गर्दै जान समेत कर्मचारीहरुलाई निर्देशन दिनु भएको थियो । दक्षिण एशियामा विकासको दृष्टिले नेपाल पछि परिरहेको बताउनुहुँदै अब प्रविधिको विकास र प्रयोगबाट राजस्व संकलनमा जोड दिन र देशलाई समृद्धितर्फ लैजान राजस्व प्रशासनको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो । उहाँले राम्रा कामका लागि मन्त्रालय सधैं राजस्व प्रशासनको पक्षमा रहेको समेत बताउनु भएको थियो । कार्य सम्पादन गर्दा समस्या आउछ भनेर नयाँ प्रविधिको विकास र प्रयोग नगरी बस्ने भन्दा पनि समस्या आए समाधान गर्दै र सुधार गर्दै जान समेत निर्देशन दिनु भयो । उहाँले आर्थिक वर्ष २०७३/७४ मा समग्र कार्य सम्पादनका आधारमा उत्कृष्ट कार्य सम्पादन गरी प्रथम, द्वितीय, तृतीय र चौथो हुने कार्यालयहरुलाई बधाई तथा धन्यवाद समेत दिनु भएको थियो ।

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्माले व्यवस्थापन गोष्ठीको सफलताको शुभकामना दिनुहुँदै कर्मचारीहरुलाई निर्देशन दिनुभएको थियो । उहांले आफू विभागको महानिर्देशकको पदमा कार्यरत रहंदा कर दिवस तथा पांच वर्षे रणनीतिक सुधारका कार्यक्रमको समेत शुरुवात गरिएको बताउनुभयो । उहांले तीन करोड नेपालीमा १५-१६ लाख मात्र करदाता करको दायरामा आएको देखिएकोले कारोवारमा संलग्न सवै पेशा, व्यवसायीहरुलाई करको दायरामा ल्याउन निर्देशन दिनु भएको थियो । महालेखा परीक्षकको कार्यालयले परीक्षणको लागि माग गरेका लेखा, कागजात, विवरण जुनसुकै वखत माग्न र हेर्न सक्ने संवैधानिक व्यवस्थाको वारेमा समेत चर्चा गर्नु भएको थियो । उहांले Online लगायत आधुनिक प्रविधिको माध्यमबाट हुने कारोवारमा हुन सक्ने

राजस्व चुहावट तर्फ विशेष ध्यान दिन र कर प्रशासनको गरिमा बढाउने कार्यमा क्रियाशिल रहन समेत निर्देशन दिनु भएको थियो ।

कार्यक्रममा राजस्व सचिव श्री शिशिरकुमार ढुंगानाले गोष्ठीको निचोडको रुपमा घोषणा पत्र जारी गरेकोमा बधाई दिनु भएको थियो। व्यवहारमा



व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्नुहुँदै राजस्व सचिव श्री शिशिरकुमार ढुंगाना

आएका समस्याहरुलाई समूहगत रुपमा छलफल गर्नु भएको छ, समस्या के हो र त्यसको समाधान के हो भन्ने पनि पहिचान गर्नु भएको छ। त्यसैले पहिचान भएका समस्यालाई समाधान गर्नेतर्फ लाग्न निर्देशन दिनुहुँदै कर प्रशासनमा देखिएका समस्या समाधान गर्न तथा आगामी आर्थिक वर्षमा गरिने कामको कार्यान्वयन रणनीति तय गर्न गोष्ठी सफल भएकोमा धन्यवाद एवं बधाई दिनुभयो । नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने विषयमा मन्त्रालय सधैं साथमा रहेको बताउनुहुँदै सूचनामा आधारित भएर बजार अनुगमन गर्न र त्यसलाई नतिजामुलक बनाउनका लागि व्यवसायिक ढंगले प्रस्तुत हुन समेत निर्देशन दिनु भएको थियो । हामीले विगतमा गरेका प्रतिवद्धताहरुको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै हाल देखिएका जल्दा बल्दा विषयहरु पूँजीगत लाभकर, कर परीक्षण र अनुसन्धानको गुणस्तर, सूचनामूलक करदाता दर्ता प्रकृया लगायतका विषयमा विशेष ध्यान दिएर कार्य सम्पादन गर्न निर्देशन दिनुभयो। कर्मचारीलाई अनुशासनमा रही पदीय मर्यादामा आँच आउन नदिने गरी कार्य सम्पादन गर्न र सदाचार पद्दतिलाई जीवनको अंगको रुपमा आत्मसात गर्न निर्देशन दिनुभयो।

अर्थ मन्त्रालयका सहसचिव तथा राजस्व व्यवस्थापन महाशाखा प्रमुख श्री विष्णुप्रसाद नेपालले हाल कर प्रशासनमा काम गर्ने सबै कर्मचारी विषयवस्तुको ज्ञान भएका र सक्षम रहेको बताउनुभयो। छलफलबाट जारी भएको घोषणापत्र र विषयगत समूहले पहिचान गरेका



गोष्ठीलाई सम्बोधन गर्नुहुँदै अर्थमन्त्रालय राजस्व व्यवस्थापन महाशाखा प्रमुख श्री विष्णुप्रसाद नेपाल

समस्या र तिनका सुझावहरु कार्यान्वयन गर्न कर्मचारीहरु सक्षम रहेको समेत बताउनुभयो। कर परीक्षण, अनुसन्धान, बजार अनुगमन र कर संकलन जस्ता कार्यलाई प्रदर्शनीय प्रभाव हुने गरी कार्य सम्पादन गर्न र करदाता शिक्षालाई करदातामुखी बनाई संचालन गर्न निर्देशन दिनुभयो । त्यसैगरी प्रशासकीय पुनरावलोकनका लागि विभागमा दर्ता भएका निवेदनहरुलाई कार्य योजना बनाई छिटो निर्णयमा पुग्न निर्देशन दिनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री किशोरजंग कार्कीले गोष्ठीमा अघिल्लो आर्थिक वर्षमा विभाग तथा मातहत कार्यालयबाट भए गरेका कार्यहरु, देखिएका समस्या र समाधानको विषयमा विस्तृत र खुला रुपमा मूल्यांकन, छलफल र समीक्षा गरी सुधारका उपायहरु पहिल्याउने प्रयास गरेको बताउनुभयो ।

व्यवस्थापन गोष्ठीमा विभाग तथा मातहत कार्यालयले सम्पादन गरेका कार्यहरुको प्रगति विवरण विभागीय प्रस्तुतीमा विस्तृत रुपमा प्रस्तुत गरिएको थियो । साथै, विभागका महाशाखागत रणनीति प्रस्तुती तथा अन्तर्गतका ४९ कार्यालयको कार्यालयगत प्रस्तुतीमा मूल्यांकन, छलफल र समीक्षा गरी सुधारका उपायहरु पहिल्याउने प्रयास



व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री किशोर जङ्ग कार्की

गरिएको बताउनुभयो ।

आर्थिक वर्ष २०७३/७४ मा विगतको तुलनामा कार्यालयहरुको समग्र कार्य सम्पादन मूल्यांकनको प्रगति राम्रो भएको, ३६ कार्यालयहरु मध्ये १९ कार्यालयहरु A++, १३ कार्यालय A+ र ४ कार्यालय A स्तरमा रहेको बताउनु भयो ।

स्वेच्छिक कर सहभागिताको माध्यमबाट करदातामैत्री कर प्रशासन, पारदर्शीता र जवाफदेहितालाई कार्य सम्पादनको मूल आधार मान्दै सुशासनको माध्यमबाट राजस्व




उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुसंग माननीय अर्थराज्य मन्त्री लगायत अन्य विशिष्ट पदाधिकारीहरु

प्रशासनको प्रभावकारितामा वृद्धि गरिने समेत महानिर्देशक कार्कीले बताउनुभयो । उहांले कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै कर राष्ट्र



उत्कृष्ट कार्य सम्पादन गरे वापत पुरस्कृत भएपछि मन्तव्य राख्नुहुँदै श्री शिवादेवी दाहाल

बिकासको मेरुदण्ड भएकाले जबसम्म करदाता स्वयं उत्प्रेरित भई कर तिर्न आउदैनन् तब सम्म अर्थतन्त्रको आकार अनुरुपको राजस्व संकलन हुन नसक्ने बताउनुभयो। करदातालाई स्वयं उत्प्रेरित भई कर तिर्न आउने बातावरण तयार गर्ने एक मात्र उपाय प्रभावकारी करदाता सेवा र शिक्षा भएकाले करदाता सेवा र शिक्षा प्रभावकारी भएमा स्वत: कर संकलन पनि सकारात्मक दिशातर्फ जाने भएकाले कार्यालयबाट प्रदान गरिने सेवा यस तर्फ केन्द्रित हुनुपर्ने भनी निर्देशन दिनु भएको थियो।



उत्कृष्ट कार्य सम्पादन गर्ने कार्यालयहरुलाई पुरस्कृत गर्नुहुँदै अर्थराज्यमन्त्री श्री उदयशमसेर राणा

कार्यक्रममा सहभागी कार्यालयको तर्फबाट प्रथम स्थान प्राप्त गर्ने आन्तरिक राजस्व कार्यालय महेन्द्रनगरका प्रमुख कर अधिकृत श्री शिवादेवी दाहालले आफ्नो कार्यालय विगत ३ वर्ष लगातार दोस्रो भएकोमा यस वर्ष प्रथम भएको जानकारी दिनुभयो। उहाँले करदाताको सहयोग र कर्मचारीको मेहनतकै कारण सो कार्यालय प्रथम भएको बताउनुहुँदै विभागले हरेक समय परेका अप्ठेराहरुको समाधान गरेको तथा मन्त्रालयबाट दिने निर्देशनलाई आफूहरुले मार्गदर्शनको रुपमा लिने गरेको बताउनुभयो। प्रथम हुनुमा यस अघिका कार्यालय प्रमुखले गरेका प्रयासहरुले पनि सहयोग गरेको बताउनुहुँदै आफू हरेक दिन कर्मचारीको कार्य कक्षमा पुगेर कामका वारेमा सोध्ने र समस्या समाधान गर्ने गरेको बताउनुभयो । काम गर्ने र नगर्ने कर्मचारीबीच पुरस्कार र दण्डलाई न्यायोचित आधारमा वितरण हुनुपर्ने भनि विचार राख्नुहुँदै कर्मचारी क्षमता अभिवृद्धि गर्न तालिमलाई निरन्तर रुपमा संचालन गर्नुपर्ने कुरामा जोड दिनुभयो।

नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौंको

# भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ।

# काठमाडौं घोषणापत्र, २०७४

राज्यको कुल राजस्व संकलनको महत्वपूर्ण हिस्सा ओगट्ने आन्तरिक राजस्व संकलन तथा व्यवस्थापन गर्ने एक महत्वपूर्ण निकायको रुपमा आन्तरिक राजस्व विभाग रहेको छ । यस विभागद्वारा आर्थिक वर्ष २०७३/०७४ मा आयकर रु १४८ अर्व २३ करोड, मूल्य अभिवृद्धि कर रु ६१ अर्व १२ करोड, अन्त:शुल्क रु ४७ अर्व २१ करोड, स्वास्थ्य सेवा कर रु ८६ करोड र शिक्षा सेवा शुल्क रु ७३ करोड गरी कुल रु २५८ अर्व १७ करोड कर राजस्व संकलन गरिएको छ । आर्थिक वर्ष २०७२/७३ मा संकलन गरिएको कर राजस्व भन्दा २६.२६ प्रतिशतले वृद्धि भई गत बर्षको लक्ष्यको तुलनामा ११०.५२ प्रतिशत प्रगति हासिल भएको छ। कुल राजस्व परिचालनमा आन्तरिक राजस्व विभागको योगदान करिब ४७.१६ प्रतिशत रहेको छ। हालसम्ममा कुल १६,२३,०७८ करदाताहरु करको दायरामा आएका छन्। यी मध्ये व्यावसायिक स्थायी लेखा नम्बर (PAN) लिने करदाता ९,३४,६५८ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ६,८८,४२० रहेका छन्। व्यावसायिक स्थायी लेखा नम्बर लिने मध्ये मूल्य अभिवृद्धि करतर्फ १,७६,८९१ र अन्तस्शुल्कतर्फ ५४,६५७ करदाता दर्ता रहेका छन्।




घोषणापत्र सार्वजनिक गर्नुहुँदै उपमहानिर्देशक श्री शंकरप्रसाद खरेल

वित्तीय स्थायित्व एवम् आर्थिक वृद्धिको लागि सुदृढ वित्त संरचना निर्माण गर्ने, कर प्रणालीको सुदृढीकरण गर्दै दिगो रुपमा आन्तरिक वित्तीय स्रोत परिचालन गर्ने, विद्युतीय सूचना प्रणाली एव छरितो कार्यविधि अवलम्वन गरी कर सहभागिता लागत एवं संकलन लागत न्यून गर्ने उद्देश्यले यस आर्थिक बर्षको राजस्व नीति तथा कार्यक्रम र विभागद्वारा विभिन्न समयमा घोषणा गरिएका प्रतिबद्धता एवं नीतिहरुलाई आत्मसात् गर्दै २०७४ साल भाद्र २० र २१ गते काठमाडौंमा सम्पन्न व्यवस्थापन गोष्ठीबाट चालु आर्थिक वर्ष २०७४/०७५ मा तपसिल बमोजिमका कार्य सम्पादन गर्ने सामुहिक प्रतिबद्धता सहित यो काठमाडौं घोषणापत्र, २०७४ जारी गरेका छौं ।

**तपसिल**

१. आर्थिक वर्ष २०७४/०७५ को लागि निर्धारण गरिएको कुल राजस्व संकलनको लक्ष्य रु ७३० अर्व मध्ये यस विभागलाई निर्दिष्ट गरिएको रु. २९९ अर्व ९१ करोड शीर्षकगत रुपमा संकलन गरिने छ ।
२. आन्तरिक राजस्व विभागको पहिलो पंचवर्षीय रणनीतिक योजना (First Five year Strategic Plan) को मूल्याङ्कन गरी दोस्रो पंचवर्षीय रणनीतिक योजना (Second Five Year Strategic Plan) तयार गरी कार्यान्वयन गरिने छ ।
३. फर्छ्यौट हुन बाँकी बेरुजुमध्ये चालु आ.व.मा कम्तीमा ८० प्रतिशत बेरुजु फर्छ्यौट गरी सम्परीक्षण गराइनेछ ।
४. मूल्य अभिवृद्धि करको Non-filer को संख्या ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं १, २ र ३ को हकमा एक प्रतिशतभन्दा कम गर्ने र अन्य कार्यालयहरुमा एकल संख्या (Single Digit) मा सीमित गर्ने तदनुसारको कार्ययोजना तयार गरी कार्यान्वयन गरिने छ ।

१ पेजको बांकी...

हुने समेत बताउनुभयो । सन् २०२२ सम्ममा अति कम विकसित राष्ट्रबाट विकाशसील राष्ट्रमा र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रमा स्तरोन्नतिको लागि ठूलो आन्तरिक स्रोतको परिचालन आवश्यकता हुने बताउनुहुँदै मुलुकलाई समृद्धितर्फ लानका लागि निजी क्षेत्र, उद्योगी, व्यवसायी र कर प्रशासनबीच समन्वयको आवश्यकता रहेको बताउनुभयो । विभागलाई निर्धारण गरिएको राजस्व लक्ष्य पूरा गरी थप राजस्व संकलन गर्न समेत गोष्ठीले विशेष रणनीतिहरु बनाई कार्यान्वयनमा ल्याउनेछ भन्ने अपेक्षा गर्नुहुँदै नीतिगत सुधारका कारण अर्थतन्त्रमा सकारात्मक प्रभाव परेको बताउनुभयो । कर कानुनको कडा रुपमा परिपालना र प्रभावकारी अनुगमन गर्न निर्देशन दिनुहुँदै परम्परागत कार्यशैलीलाई पूर्ण रुपमा परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो । कर्मचारीको मनोवल वृद्धि गर्न कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई समयमै निर्णय गरी कार्यान्वयन गरिने बताउनुभयो ।




व्यवस्थापन गोष्ठीमा मन्तव्य राख्नुहुँदै महालेखा नियन्त्रक श्री राजेन्द्रप्रसाद नेपाल

व्यवस्थापन गोष्ठीमा माननीय अर्थराज्यमन्त्री उदयशमसेर राणाले व्यवस्थापन गोष्ठीबाट राजस्व संकलन गर्ने सम्बन्धमा नयां सोच आउने अपेक्षा गर्नुभएको थियो । आन्तरिक राजस्व विभागले गत आर्थिक वर्षमा लक्ष्यभन्दा १११ प्रतिशत बढी राजस्व संकलन गरेकोमा बधाई दिनुहुँदै यो आर्थिक वर्षमा स्थानीय तहको निर्वाचन भैसकेको संघ र प्रदेशको निर्वाचन हुन लागेकाले थप आर्थिक भार पर्ने हुंदा कर प्रशासनलाई जुन लक्ष्य दिइएको छ, त्यो पूरा गरी थप राजस्व परिचालनमा जोड दिन निर्देशन दिनुभयो । करदातालाई कर तिर्ने सहज वातावरणको सिर्जना गर्न निर्देशन दिनुहुँदै करदाताले विल जारी गर्दा केन्द्रीय प्रणालीमा तुरुन्तै देखिने पद्दतिको विकास गर्नु पर्नेमा जोड दिनु भएको थियो ।

अर्थसचिव डा. शान्तराज सुवेदीले व्यवसायीले व्यवसाय घाटा भयो भन्ने तर उसको रहन सहन र जीवन शैली उच्च स्तरको हुँदै जांदा तालमेल हुन नसकेको बताउनुभयो । उहांले विगतमा गरिएका घोषणापत्रका प्रतिवद्धताहरु कति पूरा भए ? त्यसबाट कति नतिजा प्राप्त भयो ? व्यवस्थापन गोष्ठीमा समीक्षा गर्न निर्देशन दिनुभएको थियो । कर परीक्षण, अनुसन्धान तथा छानविन कार्यलाई गुणस्तरीय बनाउन समेत निर्देशन दिनुभयो । व्यवसाय घाटा हुंदा कर तिर्न नपर्ने बताउनुहुँदै तर व्यवसायीले लुकाउने, छल्ने जस्ता गलत

५. आय विवरण पेश गर्ने म्याद थप सम्बन्धी निवेदन प्राप्त गर्ने र स्वीकृति दिने तथा कर चुक्ता प्रमाणपत्र प्रदान गर्ने कार्य विद्युतीय प्रणाली मार्फत् हुने व्यवस्था मिलाइने छ ।

६. हाल प्रयोगमा रहेको SITC (Standard International Trade Classification) लाई परिमार्जन गरी कार्यान्वयनमा ल्याइने छ ।

७. विद्युतीय भुक्तानी प्रणाली (e-Payment) लागू गर्न अन्य सम्वद्ध निकायहरुसंग समन्वय गरी यसै आर्थिक वर्ष भित्र पूर्व तयारीको कार्य सम्पन्न गरिनेछ ।

८. राजस्व वक्यौता असुलीको लागि अन्तिम तहसम्मको कानूनी कारवाही गरिनेछ । बक्यौता सम्बन्धी कानुनी कारवाहीको विवरण विद्युतीय अभिलेखमा अद्यावधिक गरिने छ ।

९. प्रशासकीय पुनरावलोकनका लागि पेश भएका निवेदनमध्ये बिगत आ.व.सम्मका निवेदनहरु सबै र चालु आ.ब. मा परेका निवेदनहरु मध्ये ५० प्रतिशत चालु आ.ब.मा नै फर्छ्यौट गरिनेछ ।

१०. विद्युतीय प्रणालीबाट विजक जारी गर्ने करदाताहरुको कारोवार विभागको केन्द्रीय सर्भरमा अभिलेख हुने गरी Central Billing Monitoring System तयार गरी कार्यान्वयन शुरु गरिने छ ।

११. विद्युतीय अभिलेख व्यवस्थापन प्रणाली (Digital Document Management System) को माध्यमबाट अभिलेख व्यवस्थित गर्ने कार्य कार्यान्वयन गरिने छ ।

१२. विद्युतीय माध्यमबाट हुने व्यापार व्यवसाय (e-Commerce) को कारोबारमा हुने करारोपण सम्बन्धमा अध्ययन गरी कार्यान्वयनको प्रक्रिया शुरु गरिने छ ।

१३. एकीकृत कर प्रणाली (ITS) मा आयकरतर्फको Audit Trial Report (ATR) तयार हुने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

१४. संगठन व्यवस्थापन सर्वेक्षण (O&M) गरी संघीय ढाँचा अनुसारको संगठन पुनर्संरचनाको खाका तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइने छ ।

१५. हाल छुट्टाछुट्टै अस्तित्वमा रहेका आयकर, मुल्य अभिबृद्धि कर, अन्तःशुल्क लगायतका राजस्व सम्वन्धी ऐनहरुलाई सरल, सहज एवं परिष्कृत गरी एउटै ऐनमा समाहित गर्नका लागि एकिकृत कर संहिताको प्रारम्भिक मस्यौदा तयार गरिनेछ ।

१६. अर्थ मन्त्रालय अन्तर्गतका विभागहरु बीच एकीकृत विद्युतीय सूचना प्रणाली स्थापना गर्ने सन्दर्भमा यस आ.ब.मा भंसार विभाग र आन्तरिक राजस्व विभागको बिद्युतीय प्रणाली बीच Interconnectivity गरिने छ ।

१७. प्रशासकीय पुनरावलोकन तथा पुनरावेदनसंग सम्वन्धीत निवेदन, कागजात तथा फाइलहरुको स्थिति देखिने गरी पुनरावेदन सूचना व्यवस्थापन प्रणाली (Appeal Information Management System) को विकास गरी कार्यनवयनमा ल्याइनेछ ।

१८. बजार अनुगमन कार्यलाई सघन रुपमा अगाडि वढाइनेछ। साथै अनुसन्धान र कर परीक्षण कार्य सूचना र राजस्व जोखिमका सूचकांकको आधारमा सम्पादन गरी गुणस्तरीयता अभिबृद्धि गरिनेछ ।

१९. मदिराजन्य पदार्थको शक्ति र गुणस्तर मापन गर्ने प्रयोजनको लागि विभागमा नै प्रयोगशाला स्थापना गरिनेछ ।

२०. बैंक काउण्टर स्थापना हुन बाँकी आन्तरिक राजस्व कार्यालयहरुमा बैंक काउण्टर स्थापना गरिनेछ ।

२१. कर प्रशासनमा कार्यरत जनशक्तिको क्षमता अभिबद्धि गर्न विषयगत तालिम दिने व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

काम गर्न नहुने बताउनुभयो । व्यवसायीबाट उठाइएको करको ठूलो हिस्सा शिक्षा, स्वास्थ्य, जेष्ठ नागरिक भत्ता लगायतका सामाजिक क्षेत्रमा खर्च गरिरहेको बताउनुभयो ।

अर्थसचिव डा. सुवेदीले कर प्रशासनले प्रभावकारी भूमिका खेल्नु पर्ने बताउनुहुँदै आर्थिक गतिविधि वृद्धि हुँदै जाने पर्यटन क्षेत्र, उद्योग व्यवसाय, ठेकेदारले कामहरु गरिरहने तर तदनुसार राजस्व दाखिला नहुने गरेको बताउनुभयो । उहांले लामो समय वक्यौता राख्ने सम्पूर्ण करदाताको विवरण पत्रपत्रिका, रेडियो र टिभीमा सार्वजनिक गर्न निर्देशन दिनुभयो। गलत कार्य गर्नेलाई नछाड्न निर्देशन दिनुहुँदै सही काम गर्नेलाई दुःख नदिन पनि उहांले जोड दिनुहुँदै घुम्ती कर शिविर राखेर गाउं गाउंमा करदाता शिक्षा र दर्ता प्रकृयालाई अगाडि बढाउन निर्देशन दिनु भएको थियो ।

कार्यक्रममा राजस्व सचिव श्री शिशिरकुमार ढुंगानाले गत आर्थिक वर्षमा संकलन भएको राजस्व मध्ये कर प्रशासनकै मेहनतले कति




व्यवस्थापन गोष्ठीमा स्वागत मन्तव्य राख्नुहुँदै उपमहानिर्देशक श्री मुकुन्दप्रसाद निरौला

संकलन भएको हो समीक्षा गर्न निर्देशन दिनुभयो । २०७४ श्रावण र भदौ महिनाको राजस्व संकलनको अवस्था सन्तोषजनक नरहेको बताउनुहुंदै कसरी लक्ष्यभन्दा बढी संकलन गर्न सकिन्छ भन्ने तर्फ अग्रसर हुन निर्देशन दिनुभयो। २ दिन हुने व्यवस्थापन गोष्ठीमा कार्य योजना बनाउन केन्द्रित हुन र कार्य सम्पादन गर्दा आफ्नो दक्षताको उपयोग गर्न निर्देशन दिनु भएको थियो । संस्थागत सुधारका लागि गोष्ठी केन्द्रित हुनुपर्ने बताउनुहुँदै समस्याहरुमा केन्द्रित भएर छलफल गर्न पनि राजस्व सचिव श्री ढुंगानाले निर्देशन दिनु भएको थियो ।

महालेखा नियन्त्रक श्री राजेन्द्रप्रसाद नेपालले व्यवस्थापन गोष्ठीले आगामी कार्ययोजना बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने अपेक्षा गर्नु भएको थियो । आरएमआइएस (RMIS) मार्फत् ७५ वटै जिल्लाको राजस्व संकलनको अवस्था तुरुन्तै थाहा पाउन सकिने अवस्था रहेको बताउनुहुँदै कार्यालयले ५ हजार भन्दा माथिको भुक्तानी दिंदा प्यान नम्बर इन्ट्री गरेर मात्र भुक्तानी गर्ने व्यवस्था गरिएको जानकारी दिनुहुँदै प्रणाली व्यवस्थापनमा अझै सुधार जरुरी रहेको बताउनुभयो । आगामी दिनमा कार्य क्षेत्रमा सहज रुपले काम गर्ने गरी कार्य योजना बनाउनु हुनेछ भन्नुहुंदै गोष्ठीको सफलताको शुभकामना दिनुभयो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री किशोर जङ्ग कार्कीले आन्तरिक राजस्व विभागले

बांकी १० पेजमा....




'गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर'


















आन्तरिक राजस्व विभागद्वारा
आयोजित




नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागद्वारा
आयोजित








आयोजित


































७ पेजको बांकी....

प्रत्येक वर्ष आयोजना गर्दै आएको व्यवस्थापन गोष्ठी (Management Seminar) ले राजस्व प्रशासन र कर प्रणालीमा भए गरेका कार्यहरुको विस्तृत रुपमा लेखाजोखा गर्ने, मूल्यांकन तथा समीक्षा गर्ने र आगामी वर्षको लागि कार्य योजना बनाई अगाडि बढ्ने एउटा महत्वपूर्ण व्यस्थापकीय औजारको रुपमा प्रयोग गर्दै आएको बताउनुभयो। विगतमा शुरु गरेका कार्यहरु के कति सम्पन्न भए, के कति सम्पन्न हुन सकेनन् त्यसको व्यापक रुपमा लेखाजोखा गरी आगामी वर्षको लागि कार्य योजना बनाउने र त्यसमा भएका समस्यालाई व्यापक छलफलबाट समाधानतर्फ उन्मुख रहने अपेक्षा गर्नुभएको थियो। स्वेच्छिक कर सहभागिताको माध्यमबाट कर सहभागितामा अभिवृद्धि गर्नका लागि नीतिगत, प्रकृयागत, संरचनागत र व्यवस्थापकीय एवं व्यवहारगत सुधार गर्दै करदाता मैत्रि कर प्रशासनको अवधारणाबाट निर्देशित भई कार्य सम्पादन गरिदै आएको बताउनुभयो। विश्व अर्थतन्त्रमा आएको परिवर्तनलाई आत्मसात गर्दै मुलुकको अर्थतन्त्रलाई राष्ट्रिय हित अनुकूल बनाउने उद्देश्यले कराधारको संरक्षण गर्न नीतिगत सुधार गर्न थालिएकोमा हालको समय सुहाउँदो जनशक्ति विकास एवं नतिजामा आधारित विशिष्टिकृत एवं व्यवसायिक र आधुनिक संगठनको रुपमा आन्तरिक राजस्व विभाग स्थापित भएको कुरा अवगत गराउनु भएको थियो।

महानिर्देशक श्री कार्कीले आर्थिक वर्ष २०७३।०७४ मा करको दायरा बिस्तार भई १ लाख ९२ हजार ७७६ करदाताहरु थप भई कूल करदाताको संख्या १६ लाख २३ हजार ७८ पुगेको, ८ ओटा कार्यालयमा बैंक काउण्टर



व्यवस्थापन गोष्ठीमा मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छा तथा नेपाल चेम्बर अफ कमर्सका कर राजस्व सभापति श्री कृष्णमान श्रेष्ठ

स्थापना गरिएको Mobile Apps, SMS system को शुरुवात गरिएको, अन्तःशुल्क, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको सफ्टवेयर तयार गरी बिद्युतीय प्रणालीमा आबद्ध गरिएको, Non-Filer व्यवस्थापन सम्बन्धी अध्ययन गरी प्रतिवेदन प्राप्त भएको जानकारी दिनुभयो।

श्री कार्कीले चालू आर्थिक बर्ष २०७४।०७५ को लागि राजस्व संकलनको कूल रु. ७३० अर्बको लक्ष्य मध्ये रु. ३०० अर्ब विभागको जिम्मेवारीमा परेको, जसलाई हासिल गर्ने कार्य आफैमा चुनौतिपूर्ण रहेको र सो चुनौति पुरा गर्न सक्ने गरी विभाग तथा मातहत कार्यालयले व्यवसायिक कार्ययोजना निर्माण गरी कार्य सम्पादन शुरु गरिसकिएको समेत जानकारी दिनुभयो।

नेपाल उद्योग वाणिज्य महासंका वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाले करको दायरा वृद्धि भएकाले लक्ष्य पूरा गर्न सफल भएको बताउनुहुदै करदाता शिक्षालाई अझै प्रभावकारी बनाउनुपर्ने भनाई राख्नु भएको थियो। करको दायरा अझै विस्तार गर्नुपर्ने बताउनुहुंदै राजस्व न्यायाधिकरणमा राख्नु पर्ने धरौटी रकम बढी भएकाले त्यसलाई घटाउन सुझाव दिनु भएको थियो।

नेपाल चेम्बर अफ कमर्श कर राजस्व समितिका सभापति श्री कृष्णमान श्रेष्ठले न्यून विजकीकरणको समस्या समाधान गर्न सके ५० प्रतिशत समस्याको समाधान हुने बताउनुहुंदै कर प्रशासनमा करदाता मैत्री व्यववहार भइरहेकोमा खुसी व्यक्त गर्नुहुंदै तर अझै पूर्ण नभएको बताउनुभयो। व्यवसायीहरुलाई कमाएको रकमबाट इमान्दारिताका साथ कर तिरिदिन आग्रह गर्नुहुंदै स्वयंसेवी कर अधिकृतको रुपमा व्यवसायीले भूमिका निर्वाह गरिरहेको जानकारी दिनुहुंदै व्यवस्थापन गोष्ठीबाट व्यवसायीलाई लाभ प्राप्त हुने उहांले अपेक्षा गर्नु भएको थियो।

राष्ट्रिय उद्योग व्यापार संगठनका उपाध्यक्ष श्री श्याम श्रेष्ठले दश वर्ष अघिसम्म कर अधिकृत देख्दा डराउने व्यवसायीहरु अहिले करदातामैत्री व्यवहारका कारण ढुक्क भएर व्यवसाय गर्न सकेको बताउनुभयो। कर प्रशासन र व्यवसायीबीचको सम्बन्ध सुमधुर हुँदै गएको बताउनुहुंदै कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले कर तिरौं तिरौं लाग्ने वातावरणको सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो।



अर्थमन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीसंग कर्मचारीहरु

# बजार अनुगमनलाई तिव्रता दिन महानिर्देशक कार्कीको निर्देशन



विभागमा आयोजित कार्यक्रममा महानिर्देशक श्री किशोर जङ्ग कार्की, उपमहानिर्देशकहरु श्री शंकरप्रसाद खरेल, श्री यज्ञप्रसाद ढुंगेलगायत कर्मचारीहरु

काठमाडौं । भदौ ९ गते आन्तरिक राजस्व विभागमा आयोजित मासिक समीक्षा कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री किशोरजंग कार्कीले काठमाडौं उपत्यकाभित्रका सवै आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयका प्रमुखहरुलाई निर्देशन दिनु भएको थियो । महानिर्देशक श्री कार्कीले राजस्व सचिव र आन्तरिक राजस्व विभागका महानिर्देशकबीच कार्यसम्पादन सम्झौता भइसकेको बताउनुहुदै कार्यालय प्रमुखसँग छिट्टै गर्ने जानकारी दिनुभयो । प्रमुख कर अधिकृतहरुले लक्ष्य पूरा गर्ने प्रतिवद्धता व्यक्त गरेकोमा खुसी लागेको बताउनुहुँदै हाम्रो चिन्तन नै लक्ष्य पूरा गर्ने र २० प्रतिशत अझै वृद्धि गर्नुपर्ने बताउनुभयो ।

श्री कार्कीले बजारमा आन्तरिक राजस्व विभागको उपस्थिति कमजोर भएको बताउनुहुँदै बजार अनुगमनलाई तीव्रता दिन र विल विजक हेर्न निर्देशन दिनु भएको थियो । उहाँले ठूलो मात्रामा भएका बक्यौता असुली गर्न सूचना दिने, जानकारी गराउने कारोवार रोक्का गर्ने सम्मको योजना बनाएर अघि बढ्न निर्देशन दिनुभयो ।

सार्वजनिक लेखा समितिमा संसदहरुले बजारमा विल लिने दिने कार्य कहिलेबाट हुन्छ भन्ने जिज्ञासा व्यक्त भइरहेको बताउनुहुँदै कार्यालयले कार्य योजनाका साथ बद्मासी र छली हुने संभावना भएका क्षेत्रहरुमा अनुगमनलाई बढाउन तथा बजारमा उपस्थिति जनाउन निर्देशन दिनु भएको थियो ।

कर्मचारीहरुलाई सदाचारयुक्त आचरण व्यहारमा उतार्न निर्देशन दिनुहुँदै आफूहरु पातलो सिसाको घरमा भएकाले एकजनाले



कार्यक्रममा उपस्थित कर्मचारीहरु

गल्ती गर्दा समग्र कर्मचारी प्रशासनलाई असर पर्ने हुँदा आत्म अनुशासनमा बसेर काम गर्न निर्देशन दिनु भएको थियो । आर्थिक वर्षको शुरुवात भएकाले मेहनत गर्न सके लक्ष्यहरु पूरा गर्न समस्या नहुने बताउनुहुँदै सामाजिक सञ्जालमा रहँदा पदीय मर्यादालाई पनि ख्याल गर्न महानिर्देशक श्री कार्कीले कर्मचारीहरुलाई निर्देशन दिनु भएको थियो ।

उपमहानिर्देशक श्री शंकरप्रसाद खरेलले पहिलो महिनाको समिक्षाले ११ महिनासम्म कार्य सम्पादनमा सुधार गर्न अवसर मिल्छ भन्नुहुँदै अब सुधारका नयाँ एजेण्डा सहित जानु पर्ने बताउनुभयो । राजस्व संकलनमा बक्यौता र बेरुजुको सम्बन्धमा विशेष प्राथमिकताका साथ कार्यान्वयन योजनासहित अगाडि बढ्न समेत निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री यज्ञप्रसाद ढुंगेलले समग्रमा मासिक लक्ष्य नमिलेको भन्ने जिज्ञासा आएकोमा त्यसलाई आफूहरुले मिलाउने बताउनुभयो । कर्मचारीहरुबाट हामी यो क्षेत्रमा गएर राजस्व संकलन गर्न सक्छौं, करका दायरामा आउनुपर्ने क्षेत्रहरु यस्ता छन् भन्ने विषय नआएको बताउनुहुँदै कुन कुन क्षेत्रमा राजस्वहरु चुहावट भएका छन्, त्यसको अनुगमन गर्न समेत निर्देशन दिनु भएको थियो । अग्रिम करकट्टीको भेरिफिकेशन गर्ने कार्यमा विशेष ध्यान दिन अनुरोध गर्दै अस्पताल, कलेज, स्कुल जस्ता धेरै क्षेत्रहरु दायरामा आउन नसकेको उहाँको भनाइ थियो । पूँजीगत लाभकर शेयरमा पनि आउन सक्ने भएकाले राजस्व संकलनमा सहयोग पुर्‍याउने बताउनुभयो । बजार अनुगमनलाई जोड दिन निर्देशन दिनुहुँदै हाम्रो प्रयासबाट यति राजस्व संकलन गर्न सक्यौं भन्ने देखाउन सक्नुपर्ने उहाँको भनाइ थियो । बक्यौता असुलीमा केन्द्रित हुन निर्देशन दिनुहुँदै उठ्न सक्ने बक्यौता, उठ्न नसक्ने बक्यौताको वर्गीकरण गर्न निर्देशन दिनु भएको थियो । शुरुका चरणमा कारवाही गर्न सके बक्यौता असुली सहज हुने बताउनुहुँदै प्रयास गरेनौं भने असुलीको लक्ष्य पूरा नहुन सक्छ भन्नुभयो । दशैं, तिहार जस्ता ठूला चाडपर्वहरु आउन लागेकाले विल विजक र बजार अनुगमनलाई तीव्रता दिन निर्देशन दिनुभयो । बजारमा उपस्थित हुन सके राजस्व असुलीमा सहयोग पुग्ने उहाँको भनाइ थियो ।

आन्तरिक राजस्व विभाग, अनुगमन शाखाका निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले यस वर्षको

कूल राजस्व लक्ष्य रु. २९९ अर्ब ९१ करोड र श्रावण महिनाको राजस्व लक्ष्य रु. २२ अर्ब ९० करोड ९० लाख भएकोमा रु. २१ अर्ब १७ करोड १३ लाख संकलन भई लक्ष्यको ९२.४१ प्रतिशत प्रगति हासिल भएको, जुन लक्ष्य भन्दा रु. १ अर्ब ७३ करोड ७७ लाखले घटी रहेको जानकारी दिनुभयो। गत वर्षको श्रावणको तुलनामा राजस्व वृद्धिदर २३.२४ प्रतिशत रहेको बताउनुहुँदै गत वर्षको राजस्व लक्ष्यको तुलनामा यस वर्षको लक्ष्य करिब २९ प्रतिशतले बढी भएको कारणले पनि राजस्व संकलन लक्ष्य अनुसार असुली नभएको बताउनुभयो । साउन महिनाको अन्त्यतिर कृषियोग्य जमिन प्लटिङ र कित्ताकाटमा रोक लगाएको कारण जग्गा किनबेचमा कमी आई पूंजीगत लाभकर कम असुली भएको र बाढी पहिरोको कारण उद्योग व्यवसाय प्रभावित भई त्यसको प्रभाव राजस्व असुलीमा समेत परेको देखिएको बताउनुहुँदै यस महिनाको अन्त्यसम्ममा नपुग राजस्व समेत असुली गरिने जानकारी दिनुभयो।

राजस्व संकलनमा मुख्य योगदान गर्ने राजस्वमध्ये आयकरतर्फ श्रावण महिनामा रु. ७ अर्ब ४८ करोड लक्ष्य रहेकोमा रु. ६ अर्ब १८ करोड असुली भई लक्ष्यको ८२.५६ प्रतिशत प्रगति हासिल भएको बताउनुहुँदै। लक्ष्यभन्दा रु. १ अर्ब ३० करोड कम असुली भएको जानकारी दिनुभयो । गत वर्षको श्रावणको असुलीको तुलनामा १३.१३ प्रतिशतले मात्र बढी असुली भएको, श्रावण महिनाको राजस्व संकलनको वृद्धि हेर्दा लगानीको आयकरमा ४१.३९ प्रतिशत वृद्धि देखिन्छ भने कर्पोरेट क्षेत्रको १५.७६ प्रतिशत र सबैभन्दा कम व्यक्तिगत आयकरको जम्मा ७.६१ प्रतिशत देखिएको बताउनुभयो । कूल आयकरमा संस्थागत आयकरको २२ प्रतिशत, व्यक्तिगत आयकरको ४२ प्रतिशत र लगानीको आयकरको ३६ प्रतिशत योगदान रहेको बताउनुहुँदै मू.अ.करतर्फ श्रावण महिनाको लक्ष्य रु. ८ अर्ब ८६ करोड रहेकोमा रु. ८ अर्ब १३ करोड असुली भएको, जुन लक्ष्यको ९१.९४ प्रतिशत हुन आउने, जानकारी दिनुहुँदै लक्ष्यभन्दा रु. ७३ करोड कम असुली भएता पनि गत आ.व.को श्रावण महिनाको असुलीको तुलनामा २३.६३ प्रतिशतले बढी रहेको, मू.अ.करमा अन्य सेवा र रिभर्स चार्जमा गत आ.व.को भन्दा पनि कम संकलन भएको अवस्था र कूल मू.अ.करमा उत्पादन क्षेत्रको १७.८६ प्रतिशत, बिक्री वितरणको ३०.३१ प्रतिशत, ठेक्का तथा परामर्शको ३८.९१ प्रतिशत, पर्यटन क्षेत्रको १.९७ प्रतिशत, अन्य सेवाको ७.४२ प्रतिशत र रिभर्स चार्जको ३.५४ प्रतिशत योगदान रहेको बताउनुहुभयो।


अन्त:शुल्कतर्फ श्रावण महिनाको लक्ष्य रु. ३ अर्ब ३९ करोड ६० लाख रहेकोमा रु.३ अर्ब ५२ करोड २२ लाख असुली भएको, जुन लक्ष्यको १०३ प्रतिशत हुन आउने, लक्ष्यभन्दा रु. १३ करोड बढी असुली भई गत आ.व.को सोही अवधिको तुलनामा २२ प्रतिशतले बढी प्रगति हासिल भएको बताउनुभयो। अन्त:शुल्कतर्फ बियरको वृद्धिदर करिब ४७ प्रतिशत रहेको छ भने चुरोटको र मदिराको वृद्धिदर क्रमश: करिब ६ प्रतिशत र १० प्रतिशत रहेको बताउनुहुँदै अन्य औद्योगिक कच्चा पदार्थको वृद्धिदर १९४१ प्रतिशत रहेको बताउनुभयो।

ब्याजकर तर्फ लक्ष्यको १०७ प्रतिशत र गत वर्षको श्रावणको तुलनामा ५९ प्रतिशतले वृद्धि भएको, ब्याज भुक्तानीको समय भएकोले वृद्धिदर बढी भएको देखिएको, स्वास्थ्य सेवा कर तर्फ लक्ष्यको ६९ प्रतिशत र गत आ.व.को श्रावणको संकलनको तुलनामा १६ प्रतिशतले वृद्धि भएको, शिक्षा सेवा शुल्कमा लक्ष्यको ८८ प्रतिशत र गत आ.व.को श्रावणको तुलनामा १४ प्रतिशतले वृद्धि भएको जानकारी दिनु भएको थियो।

१ पेजको बांकी...

संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७३ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर १७ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर २३ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ३० प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर २२ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १३ प्रतिशत रहेको छ। आन्तरिक राजस्व विभागकालाई आर्थिक वर्ष २०७४/७५ का लागि २ खर्व ९९ अर्ब ९१ करोड ३७ लाख ४५ हजार लक्ष्य तोकिएको छ।

आ.व. २०७४/७५ भदौ महिनासम्मको राजस्व संकलनको अवस्था





# आधारभूत लेखा तालिम सम्पन्न

जीआइजेड रास प्रोजेक्ट तथा एन.के. शर्मा एण्ड कम्पनीको संयुक्त आयोजनामा आन्तरिक राजस्व विभागमा नयाँ कर अधिकृतहरुका लागि १६ दिनसम्म सञ्चालन भएको आधारभूत लेखा सम्बन्धी तालिमको भदौ २८ गते समापन भएको छ।

समापन कार्यक्रममा महानिर्देशक श्री किशोरजंग कार्कीले तालिमबाट कर्मचारीहरुले राम्रा कुराहरु सिक्ने अवसर पाएको बताउनुभयो । तालिमले ज्ञानलाई थप फराकिलो बनाएको बताउनुहुँदै सिक्ने कुरा जन्मेदेखि मृत्युसम्म कहिल्यै नसकिने समेत बताउनुभयो। कर अधिकृतका लागि आधारभूत लेखासम्बन्धी तालिम अनिवार्य हुन्छ भन्नुहुँदै तालिम कहिले काही मात्रै हुने भएकाले दत्त चित्त भएर अध्ययन गर्न, जीवन पद्दतिलाई परिमार्जन गर्न सके कार्य क्षमताको विकास हुने भनाई राख्नुभयो। कर अधिकृतको जिम्मेवारी महत्वपूर्ण हुने भएकाले नियमित रुपमा ऐन कानुनहरु अध्ययन गर्न निर्देशन दिनुहुँदै तालिममा प्राप्त गरेका विषय कार्य क्षेत्रमा प्रयोगमा ल्याउन सुझाव दिनुभयो । आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री मुकुन्दप्रसाद निरौलाले तालिमा सिकेका ज्ञान व्यवहारमा उतार्नु हुनेछ भन्ने अपेक्षा राख्नुभयो । सिकाई निरन्तर विषय भएकाले कोही पनि पूर्ण हुन नसक्ने बताउनुहुँदै आगामी दिनमा लिनुपर्ने तालिमहरुका सम्बन्धमा सुझाव दिन निर्देशन दिनुहुँदै समय सापेक्ष रुपमा तालिमलाई निरन्तरता दिने बताउनुभयो।

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री यज्ञप्रसाद ढुंगेलले लेखामा आधारित भएर करमा काम हुने भएकाले लिएको तालिम कार्यान्वयनमा ल्याउन सुझाव दिनुभयो ।







आधारभूत लेखा तालिममा सहभागी कर्मचारीहरु

कर अधिकृतहरुले सिकेका ज्ञान व्यवहारमा उतार्नुहुनेछ भन्नुहुँदै करदाताले पेश गरेका विवरणहरु अध्ययन गर्न सक्षम हुनुहुनेछ भन्ने अपेक्षा राख्नुभयो । कर प्रशासनमा अध्ययन गर्ने बानी घट्दै गएको बताउनुहुँदै निर्देशिकाहरु पढ्ने बानी बसाल्न निर्देशन



प्रमाणपत्र वितरण गर्नुहुँदै महानिर्देशक श्री किशोर जङ्ग कार्की

दिनुहुँदै कर अधिकृतको सक्षमता करदाताले थाहा पाउने बताउनुभयो । विभागले धेरै अध्ययन गर्ने विषयवस्तु समावेश गरेर प्रकाशन गरेको बताउनुहुँदै मूल दस्तावेजको रुपमा ऐन, कानुनको संग्रह अगाडि राखेर कार्य सम्पादन गर्न कर अधिकृतहरुलाई निर्देशन दिनु भएको थियो ।

जीआइजेडका प्रतिनिधि श्री नरसागर श्रेष्ठले जवसम्म कर अधिकृतहरुले आधारभूत लेखासम्बन्धी ज्ञान प्राप्त गरेका हुँदैनन् तवसम्म कार्य सम्पादन गर्न अप्ठ्यारो हुने बताउनुभयो। ठूलो संख्यामा कर्मचारीहरु प्रवेश गर्दा केहीले मात्र लेखासम्बन्धी ज्ञान लिएको पाइने हुनाले प्रदान गरिएको तालिमबाट ज्ञान हासिल गरेको उल्लेख गर्नुभयो। कर प्रशासनमा काम गर्ने कर अधिकृतहरुले अर्काले कमाएर पसिना बगाएर जम्मा गरेको पैसा कानुनको माध्यमबाट, ल्याउनुपर्ने हुनाले लेखासम्बन्धी ज्ञान आवश्यक हुने उहाँको भनाई थियो ।

GIZ/Ras का प्रमुख प्राविधिक सल्लाहकार अलेक्जेण्डरले कर अधिकृतको लागि ट्याक्स एकाउन्टिङ महत्वपूर्ण विषय भएको बताउनुहुँदै दैनिक रुपमा विवरणहरु हेर्नु पर्ने भएकाले कर अधिकृतमा एकाउण्ट सम्बन्धी ज्ञान हुन जरुरी रहेको बताउनुभयो।

तालिममा सहभागी कर्मचारीले आफूहरु एकाउन्ट विषयमा परिचित नभएको सामान्य भाषामा तयार पारिएको तालिमले ज्ञान हासिल गर्ने अवसर प्रदान गरेको बताएका थिए । उनीहरुले आगामी दिनमा यस्ता तालिमलाई निरन्तरता दिनुपर्ने सुझाव दिँदै आगामी दिनमा आफूहरुलाई डिटेलमा तालिम उपलब्ध गराउन समेत सुझाव दिएका थिए ।

नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

## मोबाइल एप सेवा संचालन सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले Android Platform मा आधारित मोबाइल एप संचालनमा ल्याएको छ। उक्त एसपको नाम IRD Nepal रहेको छ र Google play store मा गई एप डाउनलोड गरी प्रयोग गर्न सकिन्छ। मोबाइल एपमा विभागको सूचना, प्रकाशन, ऐन नियम, कर क्याल्कुलेटर, सम्पर्क लगायतका विवरण उपलब्ध हुनुका साथै तपशील बमोजिमका सेवाहरु प्राप्त गर्न सकिन्छ।

| S. No. | Service | Response | Remarks |
|---|---|---|---|
| 1 | Registration Details (PAN) | Basic PAN Details. | Publicly Available |
| 2 | Estimate Return Status (Fiscal Year, Period) | Status of estimated return. | From Taxpayer Login |
| 3 | IT Return Status(Fiscal Year) | Status of IT Return of that fiscal year. | |
| 4 | VAT Return Status(Fiscal Year, Period) | Status of VAT return of that filling period. | |
| 5 | Excise Return Status (Fiscal Year, Period) | Status of Excise return of that filling period. | |
| 6 | Voucher Search(Voucher No, Fiscal Year) | Voucher details. | |
| 7 | Arrear | Remaining outstanding of taxpayer under VAT, IT and Excise. | |
| 8 | TDS Details | Witholdee TDS details. | From TDS Witholdee Login |
| 9 | Push Message | Tax Return Reminder Notification | Publicly Available |

# विद्युतीय हस्ताक्षर सम्बन्धी अन्तर्क्रिया सम्पन्न



विद्युतीय हस्ताक्षर सम्बन्धी कार्यक्रममा महानिर्देशक श्री किशोर जङ्ग कार्की



नेपाल सर्टिफाइङ कम्पनीका अध्यक्ष श्री विप्लवमान सिंह

भदौ ८ गते आन्तरिक राजस्व विभाग र नेपाल सर्टिफाइङ कम्पनीबीच विद्युतीय हस्ताक्षर सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री किशोरजंग कार्कीले भौतिक डकुमेन्टमा हुने कार्य विद्युतीय माध्यममा परिवर्तन हुने भएकाले प्रमाणित गर्न सहज हुने बताउनुभयो । नेपाल र त्यसमा पनि आन्तरिक राजस्व विभाग जस्तो कार्यालयका लागि यो जरुरी भइसकेको बताउनुहुँदै त्यसका लागि आन्तरिक राजस्व विभागले परीक्षणको रुपमा कार्यान्वयन गर्न सकारात्मक रहेको बताउनुभयो ।

नेपाल सर्टिफाइङ कम्पनीका अध्यक्ष विप्लवमान सिंहले ६ वटा कार्यालयहरुमा विद्युतीय हस्ताक्षर शुरु भइसकेको जानकारी दिनुभयो । साइवर संसारको परिचय नै विद्युतीय हस्ताक्षर रहेको बताउनुहुँदै विद्यूतीय हस्ताक्षर अंक र अक्षरको समूह रहेको बताउनुभयो । अहिलेसम्मको प्रविधिले विद्युतीय हस्ताक्षर ह्याक हुन नसकेको जानकारी दिनुहुँदै विद्युतीय हस्ताक्षर भएको सामग्री इच्छाएको व्यक्ति बाहेक अरुले खोल्न नसक्ने समेत बताउनुभयो । हाम्रा महत्वपूर्ण डाटाहरु कसैले चलाउन खोजेको खण्डमा जानकारी दिने बताउनुहुँदै विद्युतीय सामग्रीहरु सुरक्षित गर्न विद्युतीय हस्ताक्षरको खाँचो भइसकेको बताउनुभयो । संसार कागज विहिन अवस्थामा पुगेको बताउनुहुँदै आन्तरिक राजस्व विभाग अन्तर्गतका १६ लाख भन्दा बढी करदाताहरुलाई विद्युतीय हस्ताक्षर उपलव्ध गराउन सके काममा सहजता आउने उहाँको भनाइ थियो ।



कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री मुकुन्दप्रसाद निरौला, श्री शंकरप्रसाद खरेल, श्री यज्ञप्रसाद ढुंगेल, सूचना प्रविधि विज्ञ श्री प्रेम शरण श्रेष्ठ लगायत आन्तरिक राजस्व विभागका निर्देशक तथा शाखा अधिकृतहरुको उपस्थिति रहेको थियो ।



विद्युतीय हस्ताक्षर सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा उपमहानिर्देशकहरु श्री शंकरप्रसाद खरेल, श्री यज्ञप्रसाद ढुंगेल र सूचना प्रविधि विज्ञ श्री प्रेमशरण श्रेष्ठ

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# एस.एम.एस. सेवा शुरु भएको सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले संचालनमा ल्याएको एस.एम.एस. प्रणालीबाट तपशील बमोजिमका सेवाहरु प्रदान गरिएका छन् । Registration info र Help बाहेक अन्य सेवाहरु सम्बन्धीत स्थायी लेखा नम्बरको एकीकृत कर प्रणालीमा रहेको मोबाइल नम्बरबाट मात्र उपलब्ध हुने व्यवस्था गरिएको छ ।

**तपशील**

| S.N. | Service Name | Method | Response |
|---|---|---|---|
| 1 | Registration Info (Available to public) | Type REG PAN and SMS to 32024(E.g. REG 304567895) | ABC Company Pvt. Ltd IT Reg: 2064.09.08 VAT Reg: 2064.09.08 |
| 2 | Estimate Return Status | Type EST PAN FiscalYear and SMS to 32024 (eg. EST 304567895 2071.072) | Estimated Returns For Period 2071.072 is Submitted. |
| 3 | IT Return Status | Type RETIT PAN FiscalYear and SMS to 32024(e.g. RETIT 304567895 2071.072) | IT Returns For FY 2071.072 Has Been Submitted. |
| 4 | VAT Return Status | type RETVAT PAN TaxYear PeriodType Period and SMS to 32024(e.g. RETVAT 304567895 2073 M 1) | VAT Returns For Period 2071 M 1Has Been Submitted. |
| 5 | Excise Return Status | type RETEX PAN TaxYear PeriodType Period and SMS to 32024 (e.g. RETEX 304567895 2071 M 1) | Excise Returns For Period 2071 M 1 Is Not Submitted Yet. |
| 6 | Payment | type PMT PAN VoucherNo and SMS to 32024 (e.g PMT 304567895 249561) | Date:2073.06.01 Amount:10000.00 Payment for: VAT |
| 7 | Arrear | type ARR PAN and SMS to 32024(e.g. ARR 304567895 ) | Excise: 0 IncomeTax: 10000 VAT: 5000 |
| 8 | Help | Type HELP and SMS to 32024 | Reg - Registration Retit - Income Tax Return Retvat - Vat Return PMT - Voucher Payment Arr - Arrear Est - Estimated Return |

**पुनश्चः** हाललाई एस.एम.एस. सेवा नेपाल टेलिकमका प्रयोगकर्ताहरुले प्रयोग गर्न सक्नेछन् ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
किशोर जङ्ग कार्की

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
मुकुन्दप्रसाद निरौला
शंकरप्रसाद खरेल
यज्ञप्रसाद ढुंगेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
देवनारायण पौडेल
अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी
उमेशराज रिमाल
शिवहरि न्यौपाने